दर्ता नं. १७५/२०७८/०७९

# तराई-मधेश लोकतान्त्रिक पार्टी

केन्द्रिय कार्यालय

जनकपुरधाम, धनुषा

# TERAI-MADHESH DEMOCRATIC PARTY

Central Office

Janakpurdham, Dhanusha, Nepal

चुनाव चिन्ह

पत्र संख्या :-

चलानी नं. :-

मिति २०८०/३/२६

## प्रेस विज्ञप्ति

बर्षौं बर्ष को न्यायपूर्ण संघर्ष पछि नागरिकता को नैसर्गिक अधिकार तहत जन्म को आधार मा नेपाली नागरिकता प्राप्त गरेका बाबु आमा का सन्तान लाई वंशज को नागरिकता प्रदान गर्ने सम्बन्ध मा नेपाल नागरिकता ऐन, २०६३ लाई संसोधन गर्न नेपाल नागरिकता (पहिले संशोधन) ऐन २०७९ को सम्माननीय राष्ट्रपतिज्यू द्वारा प्रमाणीकरण भई जारी भएको मा सहजता पूर्वक सम्भव भए सम्म का प्रमाण पेश गरे पछि सम्मानपूर्वक नागरिकता प्रमाणपत्र दिने राज्य र नेपाल सरकार को निर्णय र मनसाय रहे को ले सम्पूर्ण प्रक्रिया लाई सहजीकरण गर्न निर्देशन र तत्सम्बन्धी नियमावली को बावजूद प्रमाण जुटाउन सहयोग गर्ने स्थानीय निकाय वा जिल्ला प्रशासन कार्यालय ले थप जटिलताहरु श्रृजना गर्दैजाने स्थिति तर्फ बढ़दै जनगुनासो प्रति हाम्रो ध्यानाकर्षण भएको छ। यहाँ सम्म की प्राप्त जानकारी अनुसार विभिन्न जिल्ला ले जारी गरे को नागरिकता सम्बन्धित सूचनाहरु मा पनि फरक फरक नियमहरु र जटिल प्रावधानहरु देखा पर्द छन् र यस्ले गर्दा उत्पन्न अपठ्याराहरु ले अनेकों शंका-उपशंका, आर्थिक हिनामिना ,चलखेल , अनियमितता र अस्तव्यस्ता को धमिलो माहौल बनेको छ ।अत: तदारूकता को साथ निम्न उल्लेखित अस्पष्टता र जटिलता को निराकरण तर्फ जिल्ला प्रशासन कार्यालय मार्फत संबन्धित सपै निकाय को ध्यान आकृष्ट गर्न चाहन्छौं—

- वंसज को नाताले नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्ने कार्यविधि (नेपाल नागरिकता नियमावली,२०६३ को धारा ३ ) अनुसार का कागज़ात मात्र पर्याप्त हुनु पर्ने
- जन्म को आधारमा नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गर्ने कार्यविधि २०६३ को धारा ४ अनुसार का कागज़ात प्रयाप्त हुनु पर्ने तर विभिन्न जटिलता श्रृजित भएको देखिन्छ

# तराई-मधेश लोकतान्त्रिक पार्टी
केन्द्रिय कार्यालय
जनकपुरधाम, धनुषा
# TERAI-MADHESH DEMOCRATIC PARTY
Central Office
Janakpurdham, Dhanusha, Nepal

चुनाव चिन्ह


पत्र संख्या :-
चलानी नं. :-

मिति :.....

- सुकुम्वासीहरुले पनि जग्गाधनी प्रमाण पुर्जा पेश गर्नु पर्ने स्थिति
- घरभाड़ा समझौतापत्र र कर तिरे को काग़ज़ात को बखेड़ा
- जिल्ला वा पालिका अन्तर्गत बसाई-सराई लाई पनि बिना कारण समस्या बनाएको
- आमा वा बुआ को प्रावधान लाई बुवा को मृत्यु भई सके को अवस्था मापनि बेवास्ता गरे को
- जग्गाधनी प्रमाणपत्र को अनिवार्यता को जटिलता श्रृजित गरेको
- स्थायी बसोबास को सिफ़ारिश को जटिलता
- अन्य जिल्ला मा जस्तै कारोबार दर्ता वा PAN दर्ता काग़ज़ात लाई मान्यता न दियेको
- वैकल्पिक प्रावधानहरु " वा " लाई मान्यता न दिएर बाध्यकारी प्रावधान "र " लाई अनावश्यक अनिवार्य बनाउनु नकारात्मक जटिलता होईन र ?

अत: उपरोक्त जटिलताहरुको निराकरण गरी त्वरित सेवा को वातावरण र आर्थिक-प्रशासनिक अनियमितता रहित स्थिति श्रृजित गरी दिनु हुन अविलम्ब आवश्यक कार्रवाई को लागी ध्यानाकर्षण गराउन चाहन्छौं।स्मरणीय छ , कानूनी राज्य मा क़ानूनी प्रावधान लाई व्यवहृत गर्नु गराउनु सर्वसाधारण लगायत राज्यका सवै अंग र प्रत्यक्ष सरोकारवालाहरू को अनिवार्य दायीत्व हो ।

**बोधार्थः**

१. नेपाल सरकार गृह मन्त्रालय
सिंहदरबार, काठमाण्डौं ।

.....

डा. विजय कुमार सिंह
का.वा. अध्यक्ष